# गरिबी न्यूनीकरण तर्फ उन्मुख सुन्दरी सामुदायिक वन

■ कमल भण्डारी, ठाकुर प्रसाद पाण्डे

नवलपरासी जिल्लाको अमरापुरी गा.वि.स.का जनताहरूको लामो प्रयास पश्चात् यहाँका नाङ्गा पाखाहरूको मुहारमा सकारात्मक परिवर्तन आएको छ । यस समूहको ऐतिहासिक पृष्ठभूमिलाई केलाउने हो भने वि.सं. २०५०/०५१ सालभन्दा पहिले यहाँको वन क्षेत्र ज्यादै विनाश भई मानिसहरूको जीविकोपार्जन र वातावरणमा समेत प्रतिकूल प्रभाव परेको थियो । अर्कोतिर नेपालमा प्रजातन्त्रको पुर्नस्थापना सगँसँगै सरकारी वन नीतिमा समेत परिवर्तन आयो जसले वन उपभोक्ता समूह गठन गरी हस्तान्तरण गर्ने कामलाई प्राथमिकता दियो । यसै अनुसार यहाँका करिब १२०० घरधुरीहरूले गाउँको उत्तर तर्फ पर्ने ३८४.७५ हे. वनलाई सामुदायिक वन (सा.व.) को रुपमा हस्तान्तरण गरेर लिई कहिले 'लौरो पालो' त कहिले घरघरबाट रकम उठाएर हेरालुको व्यवस्था गरी विगत १० वर्षदेखि संरक्षण गर्दै आएका छन् । यहाँका उपभोक्ताहरूले घामपानी, झरीवादल, दुःख कष्ट सहेर गरेको अथक प्रयासबाट संरक्षण सुरुगरेको वनमा छिट्टै नै आशा गरे भन्दा बढी प्रतिफल पाउन थालेको कुरा स्थानीय उपभोक्ताहरू बताउँछन् । वनको हरियालीसँगै यहाँका उपभोक्ताहरूको जीवनयापनमा पनि सुधार आउन थालेको कुरालाई नकार्न सकिन्न । सा.व. को मर्म गरिबी न्यूनीकरणलाई मूल आधार बनाएर समूहका गरिब परिवारलाई उनीहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यतर्फ यो सा.व. ले पाइला चाल्न सुरु गरेको छ । सुन्दरी सा.व. को नाम नवलपरासी जिल्लाकै 'नमुना' को रुपमा परिचित छ । वास्तवमा यस समूहले गर्न थालेका उदाहरणीय कार्यहरू यस लेखमा प्रस्तुत गर्न खोजिएको छ ।

वि.सं. २०२० सालतिर हालको अमरापुरी गा.वि.स.मा ज्यादै घना वन भएको कुरा बुढापाकाहरू बताउँछन् । जब वि.सं. २०२१ सालमा वर्माबाट आएका नेपालीमूलका प्रवासीहरूलाई जग्गा वितरण गरी बसोवास गराउने उद्देश्यले पुनर्बास कम्पनीको स्थापना गरी यहाँको वन फाँडेर जग्गा वितरण गर्न थाले पछि क्रमशः वन विनाशको अध्याय सुरु भयो । बर्मेलीहरूको आगमन पछि यो ठाउँमा जग्गा पाउने आशाले नेपालका पहाडी जिल्लाहरू तनहुँ, स्याङ्जा, लम्जुङ्, पर्वत, वागलुङ लगायतका विभिन्न ठाउँहरूबाट मानिसहरूको बसाइँ सर्ने क्रम सुरुवात भयो र क्रमशः वन विनाश तिव्ररुपमा बढ्न थाल्यो । यसैगरी पूर्व-पश्चिम राजमार्ग, विद्युतीकरण लगायतका अन्य विकासका कामहरू र समय समयमा हुने राजनैतिक उथलपुथलले गर्दा सिङ्गो तराईको वन विनाश भइरहेको समयमा यो ठाउँ पनि अछुतो रहन सकेन । यसरी पहिलेको घना वन विनाश भएपछि हरियालीको कुरा कथामा सीमित हुन थाल्यो भने प्राकृतिक प्रकोपले उत्तिकै सताउन थालेको थियो । जस्तै झराई खोलाको बाढीले गाउँमा अत्याधिक जमिन काट्ने, गाउँ-घर डुबाउने, पानीका मुहानहरू सुक्ने, खानेपानीको समस्या हुने, वन पैदावार (दाउरा, घाँस, स्याउला, पत्कर, जडीबुटी) को अभाव हुने जस्ता विविध समस्याहरू आउन थाले । यसै गरी डढेलोको कारणबाट गर्मीयाम भरी (फागुनदेखि जेठसम्म) तुवालो लाग्ने,चर्को गर्मी हुने, आँखा पाक्ने रोग लाग्ने गर्दथ्यो । वन विनाशका कारणबाट अनियमित वर्षा (अतिवृष्टी, अनावृष्टी, खण्डवृष्टी) भई यसका प्रभावले गर्दा अन्नबालीमा ह्रास आउन थालेको थियो । फलस्वरुपः यस्ता कारणले सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक, भौतिक र मानवीय क्षेत्रमा समेत नकारात्क प्रभाव पार्न थालेको कुरा उपभोक्ताहरू बताउँछन् ।

यस्ता समस्याहरूले पिरल्दै आएपछि यहाँका बासिन्दाहरूले वनको महत्व बुझ्दै जान थाले । वि.सं. २०४९ सालमा वन ऐन अनुसार आफ्नो वरपरको वन क्षेत्रमा समुदायको पूर्ण अधिकार रहने कुरा वन

कर्मचारीबाट थाहापाएपछि वि.सं. २०५०/५१ सालबाट संरक्षण गर्ने कामको सुरुवात भयो । वि.सं. २०५२ सालमा उपभोक्ताहरूको सक्रियतामा सुन्दरी सा.व. उपभोक्ता समूहको नाममा विधान दर्ता भयो । वि.सं. २०५४ सालमा विधिवत रुपले जिल्ला वन कार्यालयबाट सामुदायिक वनको कार्ययोजना स्वीकृत गरी हस्तान्तरण भयो । हाल आएर उपभोक्ताहरूका दैनिक आवश्यक पर्ने वन पैदावारहरू जस्तै दाउरा, घाँस, काठ, जडीबुटी सरल तरिकाबाट वितरण हुँदै आएको छ । विगत ४/५ वर्षदेखि यस सा.व. उपभोक्ता समूहमा आम्दनी बढ्दै आइरहेको छ जसको स्रोत नै वन पैदावरको बिक्री वितरण हो । यसका साथै वार्षिकरुपमा १२ देखि १५ लाख रुपैयाँसम्म आम्दानी हुन थालेको छ । गा.वि.स. मा आउने वार्षिक ५ लाख रुपैयाँभन्दा २/३ गुणा बढी रकम यो सा.व. बाट जम्मा हुन थाले पछि वनको विकासमा मात्र हैन कि सामुदायिक विकासमा पनि उल्लेखनीय प्रगति हुन थालेको स्थानीय उपभोक्ताहरू बताउँछन् । वन उपभोक्ता समूहले विद्यालय भवन, बाटो, कल्भर्ट, कुलो, खानेपानी, वन उपभोक्ता समूहको भवन, डेरी, जडीबुटी नर्सरी जस्ता भौतिक पूर्वाधारमा धेरै लगानी गरेको छ भने मानवीय स्रोत विकासतर्फ १२०० उपभोक्ताहरूलाई पालैपालो सा.व. को अवधारणा र सामुदायिक विकास सम्बन्धी तालीम, गोष्ठी, सञ्चालन गर्दै आएको छ । यसैगरी गा.वि.स.का जनप्रतिनिधिहरू, वन समितिका सदस्यहरू, पार्टी प्रतिनिधिहरूलाई देशका विभिन्न सा.व. हरूमा अध्ययन भ्रमण गराउने कार्यक्रम वर्षे पिच्छे हुँदै आएको छ । यसरी सा.व. को स्रोतबाट समाजको भौतिक तथा मानवीय विकासमा लगानी हुँदै आएता पनि त्यस्ता कार्यक्रमले समाजका कतिपय गरिब, बिपन्न, दलित र महिला वर्गलाई फाइदा नपुगेको कुरा वन समितिका पदाधिकारी, जनप्रतिनिधि, समाज सेवी र अभियानकर्ताहरूको विश्लेषण  रहयो ।

समूहका गरिब, बिपन्न, दलित र महिला वर्गहरुको जीविकोपार्जनमा सहयोग पुऱ्याउनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने काम समूहको निर्णयका साथ सुरुवात गरिदै छ । यस्ता कार्यक्रमहरुमा बाखापालन, मौरीपालन, निःशुल्क सदस्यता, घर बनाउन सहयोग, जडीबुटी सङ्कलन गर्ने कामहरू भईरहेका छन । यसैगरी सा.व. को संयोजकत्वमा गा.वि.स., खानेपानी, दुध सङ्कलन संस्था (डेरी), शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती व्यवस्थापन समिति, स्कुल सञ्चालन समिति आदि सङ्घ संस्थाहरूसँग मिलेर एकीकृत कार्यक्रम सञ्चालन गर्ने योजना वन समूहले बनाएको छ । यसरी गरिने कार्यक्रमहरू समुदायका गरिब विपन्नहरूको आवश्यकतालाई मध्यनजर गरेर तथा उनीहरूको चाहना अनुसार गर्ने योजना बनाइएका छन् । यस्ता कार्यक्रम सञ्चालन गर्ने सोंचको विकाश विभिन्न तालीम, गोष्ठी तथा भ्रमणहरूको सिकाइबाट हुन गएको कुरा यहाँका उपभोक्ताहरू बताउँछन् । हालैमात्र समुदायका विभिन्न संस्थाहरू (खानेपानी, डेरी, विद्यालय संचालक समिति, गा.वि.स., स्थानीय क्लव, आदि) का प्रतिनिधिहरूको पाँच दिने नेतृत्व विकास र गरिबी न्यूनीकरण सम्बन्धी तालीम सुन्दरी सा.व. उपभोक्ता समुहले सञ्चालन गरेको थियो । उक्त तालीममा गा.वि.स. भित्रका अति नै गरिब तथा दलित ३० घरधुरीहरूको छनौट गरियो र अबको एक वर्ष भित्रमा यी परिवारलाई सा.व. उपभोक्ता समूहले घर बनाउने काठ निःशुल्क वितरण गर्ने, खानेपानीले घर-घरमा पानीका धारा राख्ने, विद्यालयले केटाकेटीहरूको निःशुल्क भर्ना गर्ने, डेरीले दलितहरूले ल्याएको दुध सङ्कलन गर्ने, क्लवहरूले रोजगारको व्यवस्था मिलाउने जस्ता कार्यक्रम बनाइ यी संस्थाहरुले प्रतिबद्धता जाहेर गरेका छन् । यी कामहरूको संयोजन सुन्दरी सामुदायिक वन उपभोक्ता समूहले गर्ने निर्णय पनि भएको छ ।

हाल समूहमा सञ्चालन हुँदै आएका कार्यक्रमहरू मध्ये ३० गरिब घरपरिवारहरूको छनोट गरी प्रत्येकलाई एक-एक ओटा बाखा उपलब्ध गराएको छ । बाखाले पहिलो पटक पाएको पाठो वा पाठी समूहलाई फिर्ता दिने नियम छ र यी पाठाहरू पुनः अरु गरिब घरपरिवारलाई वितरण गर्दै लैजाने योजना बनेको छ । यसरी बाखापालन कार्यक्रम अनुसार थम कुमारी गुरुङले एउटा बाखा पाल्दै

आउनु भएको छ । उहाँ भन्नु हुन्छ "सा.व. बाट केही फाईदा भएको महसुस गरेकी छु । यो बाखाबाट बढाउदै लगेर भविष्यमा बाखापालन व्यवसाय गर्ने सोंच बनाएकी छु" । यसमा उहाँ थप्दै भन्नु हुन्छ- अरुको अधिया र ज्यालादारी काम गरेर बिहान बेलुकाको छाक टार्न समस्या भईरहेको अवस्थामा हामी आफैले बाखा किनेर पाल्न सक्ने स्थिति थिएन । यस्तो अवस्थामा सामुदायिक वन उपभोक्ता समूहले गाउँका गरिबहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले दिएको यो कार्यक्रम ज्यादै मन परेको छ । यसरी सा.व. ले आफूहरूलाई सहयोग गरेकोले वन संरक्षणमा चासो बढेको छ । पहिले कसैले पनि वास्ता गरिन्नथ्यो तर अहिले कसैले एउटा बिरुवा काटे पनि मौन बस्न सकिन्न । यसैगरी बाखापालन गर्ने अर्की सदस्य डम्बर कुमारी । समूहले दिएको बाखाबाट भविष्यमा बाखापालन गरी आफ्नो जीविकोपार्जन गर्ने सोंच राखेको बताउनु हुन्छ ।

यस समूहले आयआर्जनको अर्को कार्यक्रमको रुपमा मौरीपालनलाई छानेको छ । जिल्ला कृषि विकास कार्यालय र सामुदायिक वनको संयुक्त लगानीबाट १५ घरधुरीका उपभोक्तालाई मौरीपालन तालीम, मौरीघार वितरण र आवश्यक महमदानी, पञ्जा, टोपीजस्ता सामग्रीको व्यवस्था पनि मिलाएको छ । मौरीपालनको काम थाल्नु भएका उपभोक्ता बाबुराम पौडेल भन्नु हुन्छ "सा.व. ले आफूहरूलाई मौरीपाल्नका लागि सहयोग र प्रोत्साहन दिएको छ ।" यस माथि उहाँ थप्दै भन्नुहुन्छ- यस्ता कार्यक्रमहरुले हामी लगायत धेरै उपभोक्तालाई सामुदायिक वन प्रति चसो बढाएको छ ।

यस वन उपभोक्ता समूहले गरेको अर्को उदाहरणीय कार्य अति विपन्न र कुष्ठरोगका कारण अपाङ्ग बनेका गंगापति वि.क. लाई बस्ने घर निर्माण गरिदिनु हो । तीन छोराछोरीका पिता गंगापति वि.क. भन्छन्- "म अपाङ्ग छु, श्रीमती पनि सबल छैनन्, छोराहरू सानै छन् । ठूलो छोराको उमेर १५ वर्षको छ र उसको मजदुरीमा पाँच जनाको परिवार पालिनु परेको छ । यस्तो अवस्थामा पाएको सहयोग प्रति आफु ज्यादै खुसी छु ।" घामपानी पनि नछेक्ने घर भएका वि.क. लाई हाल टिनको छानो भएको ईटाको गाह्रो लगाएको एकतले घर बनाइदिंदा सा.व. लाई भगवानै भएको उनी बताउँछन् । यस्ता विपन्न वर्ग र अपाङ्ग जसलाई निःशुल्क रुपमा काठ उपलब्ध गराउँदा पनि काठ चिरानी ढुवानी गरेर निर्माण खर्च समेत गर्न नसक्नेलाई अगामी वर्षमा पनि क्रमशः घर निर्माण गरिदिने र उनीहरूको इच्छानुसारको क्षमता भित्रका व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने लक्ष्य सामुदायिक वनले लिएको छ । यसै गरी सा.व.उपभोक्ता समूहले वनमा भएका जडीबुटीहरूको पहिचान गरी नमुना नर्सरी व्यवस्थापन गरेको छ र यो काममा पनि समुदायका गरिब तथा विपन्नहरूलाई रोजगारी दिने कुरा समितिका सदस्यहरू बताउनु हुन्छ ।

अन्त्यमा, यसरी समूहमा सञ्चालित गरिबमुखी कार्यक्रम (बाखापालन, मौरीपालन र घर निर्माण) बाट धेरै हदसम्म गरिब, विपन्न र दलित वर्गका उपभोक्ताहरुलाई फाइदा पुगेको र त्यसबाट उनीहरुको सहभागीतामा सकारात्मक सोंच आएको देखिन्छ । त्यसैले अब समूहले निरन्तर रुपमा समुदायको भौतिक विकासभन्दा बढी गरिब तथा विपन्न वर्गको गरिबी न्यूनीकरण गर्न वा उनीहरुको जीविकोपार्जनमा सहयोग पुऱ्याउन विभिन्न खाले कार्यक्रमहरू सञ्चालन गर्दै जाने निर्णय गरेको छ । हाल नेपालको तराई क्षेत्रमा सञ्चालन भइरहेका सा.व. हरू असक्षम र वन पैदावारको हिनामिना भएको छ भनेर फिजाइएको विचारलाई पनि यस सा.व. को उदाहरणीय कार्यले चुनौती दिएको छ । वास्तवमा सा.व. विकासको मर्म नै गरिबी न्यूनीकरण भएकोले यस्तो नमुना कार्यक्रमहरू अन्य समुहहरूले पनि सञ्चालन गर्नतर्फ अग्रसर भएमा सा.व. को अवधारणा पूरा हुने धेरै सम्भावनाहरु देखिन्छ ।

(लेखक भण्डारी फरेष्टएक्सनमा कार्यरत र पाण्डे सुन्दरी सा.व.उ.स. का अध्यक्ष हुनुहुन्छ ।)